यी कानुनहरूले कर्मचारीको रक्षा गर्छन् र कर्मचारीको अध्यागमन स्थितिले यसमा कुनै फरक पार्दैन। यसअन्तर्गत समावेश गरिएका कर्मचारीहरूले अनिवार्य रूपमा यी कानुनहरूको पालना गर्नु पर्छ। प्रतिशोध राख्नु गैरकानुनी हो।

**यी कानुन जुलाई 1, 2020 देखि लागू हुन्छन्**

श्रम मापदण्ड कार्यालय ( OLS) को मिसन जातीय तथा सामाजिक न्यायप्रति प्रतिबद्धता जनाउँदै सामुदायिक तथा व्यवसाय संलग्न गराएर, रणनीतिक कार्यान्वन गरेर र नवीनतम नीति विकास गरेर श्रम मापदण्ड अघि बढाउनु हो।

यो पोस्टर अंग्रेजी भाषा तथा कर्मचारीले बोल्ने अन्य भाषामा कार्यस्थलमा सबैले देख्ने ठाउँमा टाँस्नु पर्छ। श्रम मापदण्ड कार्यालयले अपाङ्गता भएका व्यक्तिहरूका लागि अनुवाद, दोभाषे तथा उचित सुविधा प्रदान गर्छ।

# होटेलमा काम गर्ने कर्मचारीका अधिकारबारे सूचना 2026

## हिंसाबाट सुरक्षा

**होटेलमा आउने अतिथिहरूबाट हुने हिंसा तथा दुर्व्यवहारका विरुद्धमा कर्मचारीहरूको सुरक्षा गर्छ**

**यो कसका हकमा लागू हुन्छ?**

60 वा सोभन्दा बढी कोठा भएका होटेलमा घन्टाका हिसाबले काम गर्ने कर्मचारीहरू

**कर्मचारीहरूसँग निम्न कुरा प्राप्त गर्ने अधिकार हुन्छ:**

- होटेलको गेस्ट रुममा काम गर्दा वा खाने कुरा पुर्याउँदा प्यानिक बटन प्रयोग गर्न पाउने अधिकार
- होटेलका अतिथिहरूबाट हुने हिंसात्मक वा दुर्व्यवहारपूर्ण आचरणबाट सुरक्षित हुने अधिकार
- हिंसात्मक वा दुर्व्यवहार गर्ने अतिथिका बारेमा आफ्नो रोजगारदातालाई रिपोर्ट गर्न पाउने अधिकार
- कुनै अतिथिले हिंसात्मक वा दुर्व्यवहारपूर्ण गतिविधि गरेको भनी रिपोर्ट गरिएको खण्डमा उक्त अतिथिको कोठामा काम गर्न वा खानेकुरा पुर्याउने काममा नराखिने अधिकार

**कुनै कर्मचारी उपर अतिथिले हिँसात्मक वा दुर्व्यवहारपूर्ण आचरण गरेको भनी आरोप लागेका खण्डमा उक्त कर्मचारीसँग निम्न अधिकार हुन्छ:**

- आफ्नो रोजाइको काम गर्ने अर्के क्षेत्रमा काममा सरुवा पाउने अधिकार
- कर्मचारीको रोजाइको सुरक्षा निकाय तथा सहायता व्यक्तिसँग कुरा गर्नका लागि 16 घन्टासम्मको तलब प्राप्त गर्ने गरी समय प्राप्त गर्ने अधिकार
- **King County Sexual Assault Resource Center** को सहायता सेवा, संशाधन र/वा रेफरल कल सेवामा (चौबीसै घन्टा खुला रहने लाइन) पहुँच प्राप्त गर्ने: 1-888-998-6423
- वासिंगटनको संशोधित संहिता 7.69.030 मा उल्लेख गरिएबमोजिम अपराधको सिकारमा परेका पीडितले अधिवक्ता प्राप्त गर्ने अधिकार

## कामको पुनर्वहाली

**संस्थाको स्वामित्व परिवर्तन भएका खण्डमा कर्मचारीहरूलाई आफ्नो पदमा पुनर्वहाली गरिनु पर्छ**

**यो कसका हकमा लागू हुन्छ?**

60 वा सोभन्दा बढी कोठा रहेको होटेलमा व्यवसाय बिक्री गरिनुभन्दा कम्तीमा 30 दिन अघिदेखि काम गर्दै आएका घन्टाका हिसाबले काम गर्ने कर्मचारी। श्रम सम्बन्धसम्बन्धी व्यवस्थापन नीतिहरू निर्धारण गर्न मद्दत गर्ने सुपरभाइजर, प्रबन्धक वा निश्चित कर्मचारीका हकमा लागू हुँदैन।

**कर्मचारीहरूसँग निम्न कुरा प्राप्त गर्ने अधिकार हुन्छ:**

- व्यवसायको स्वामित्व परिवर्तन हुन लागेको कुराबारे सूचना पाउने अधिकार
- नयाँ रोजगारदाताले लिखित रूपमा प्रस्तावित गरेको रोजगारीको प्रस्ताव (वरिष्ठताका आधारमा प्रस्ताव)
- कुनै कर्मचारीलाई कामबाट निष्काशन गर्ने उचित कारण भएको अवस्थामा वा जागिर कटौती (वरिष्ठताका आधारमा) गर्नु पर्ने आवश्यकता रहेको खण्डमा बाहेक नयाँ रोजगारदाताबाट नब्बे दिनको रोजगारी प्राप्त गर्ने अधिकार
- 90 दिनमा कार्यसम्पादनको मूल्याङ्कन

## कार्यभारको सीमा

**कोठा सफा गर्ने कार्यभार सीमित गर्छ**

**यो कसका हकमा लागू हुन्छ?**

100 वा सोभन्दा बढी कोठा भएका होटेलमा कोठा सफा गर्ने कर्मचारीहरू

**कर्मचारीहरूसँग निम्न कुरा प्राप्त गर्ने अधिकार हुन्छ:**

- दिनको 8 घन्टा काम गर्दा बढीमा 4,500 वर्ग फिट (418 $m^2$) बराबरको गेस्ट रुम सफा गर्ने (कम घन्टा काम गर्दा सोहीअनुसार विभाजन गर्ने)
- सफा गर्नका लागि अनुमति दिइएको अधिकतम ठाउँभन्दा बढी सफा गर्न अस्वीकार गर्ने अधिकार
- सफा गर्नका लागि अनुमति दिइएको अधिकतम ठाउँभन्दा बढी सफा गर्दा तीन गुणा भुक्तानी प्राप्त गर्ने अधिकार (धेरैजसो अवस्थामा)

## चिकित्सा स्याहारको पहुँच

**यसअन्तर्गत रोजगारदाताहरूले स्वास्थ्य सेवा खर्च गर्नु पर्ने हुन्छ**

**यो कसका हकमा लागू हुन्छ?**

100 वा सोभन्दा बढी कोठा भएको होटेलमा महिनाको कम्तीमा सरदर 80 घन्टा घन्टाका हिसाबले काम गर्ने कर्मचारीमा लागू हुन्छ। श्रम सम्बन्धसम्बन्धी व्यवस्थापन नीतिहरू निर्धारण गर्न मद्दत गर्ने सुपरभाइजर, प्रबन्धक वा निश्चित कर्मचारीका हकमा लागू हुँदैन।

**कर्मचारीहरूसँग निम्न कुरा प्राप्त गर्ने अधिकार हुन्छ:**

- रोजगारदाताले प्रदान गर्नु पर्ने स्वास्थ्य सेवा खर्चमार्फत चिकित्सा स्याहारमा सुधारिएको पहुँच
- रोजगारदाताले निम्नमध्ये कुनै एक वा सोभन्दा बढी तरिकामार्फत यो खर्च गर्न सक्छन्:

(1) साधारण आम्दानीको भुक्तानी गरेर
(2) रोजगारदाताले स्पोन्सर गरेको स्वास्थ्य बीमा योजना भुक्तानी गरेर, र/वा
(3) कर फाइदा हुने स्वास्थ्य योजनामा भुक्तानी गरेर (जस्तै, स्वास्थ्य बचत खाता)

**2026 को दर†**

| मासिक खर्च | पारिवारिक संरचना |
|---|---|
| $612 | अविवाहित कर्मचारी |
| $1,043 | आफूमा आश्रित व्यक्तिहरू भएको अविवाहित कर्मचारी |
| $1,225 | जीवनसाथी/पार्टनर भएको कर्मचारी, आफूमा आश्रित व्यक्तिहरू नभएको |
| $1,837 | आफूमा आश्रित व्यक्तिहरू तथा जीवनसाथी/पार्टनर भएको कर्मचारी |

**†हरेक आर्थिक वर्षको दर अघिल्लो वर्षको जुन 30 तारिखभन्दा पहिले नै घोषणा गरिन्छ**

कर्मचारीले स्वास्थ्य बीमा अफर गरेका खण्डमा जुलाई 1, 2020 पछि हुने रोजगारदाताको पहिलो खुला भर्ना अवधिमा यो अध्यादेश कार्यान्वयनमा जान्छ।

## कर्मचारीका रूपमा आफ्नो अधिकारहरू थाहा पाउनुहोस्

**प्रतिशोध राख्नु गैरकानुनी हो:** निम्न कानुनले कर्मचारीहरूले यी अधिकारहरू प्रयोग गर्दा वा यिनको अभ्यास गर्दा उनीहरूमाथि कसैले प्रतिशोध राख्न नपाउने गरी सुरक्षा गर्छ।

**गुनासो दायर गर्न पाउने अधिकार:** रोजगारदाताले यी कानुन उल्लङ्घन गरेका खण्डमा कर्मचारीहरूले OLS मा गुनासो गर्न वा मुद्दा दायर गर्ने अधिकार प्राप्त गर्छन्।


**सम्पर्क:**
श्रम मापदण्ड कार्यालय

**रोजगारदाताहरू**
कानुनको पालना गर्नका लागि सहायता प्राप्त गर्ने र/वा प्रशिक्षण प्राप्त गर्ने

**कर्मचारीहरू**
OLS मा गुनासो दायर गर्ने वा अदालतमा मुद्दा दायर गर्ने

**206-256-5297**
www.seattle.gov/laborstandards

810 THIRD AVE, SUITE 375 SEATTLE, WA 98104 | LABORSTANDARDS@SEATTLE.GOV